७) के रगत, दिसा तथा पिसाबको सम्पर्कबाट रेबिज सर्छ?

✍ रगत, दिसा तथा पिसाबको सम्पर्कबाट यो रोग सर्दैन।

८) कुकुरले गाई, भैंसी, भेडा, बाख्रा, बंगुर जस्ता घरपालुवा जनावरलाई टोकेमा ति पशुमा रेबिज रोग विरूद्ध खोप लगाउनु पर्छ ?

✍ रेबिज तातो रगत भएका स्तनधारी जनावरमा लाग्ने भएको हुँदा कुकुरले टोकेपछि त्यस्ता पशुहरूमा पशु चिकित्सकको सल्लाह बमोजिम रेबिज रोग विरूद्धको खोप लगाउन आवश्यक हुन्छ।

९) के मुसाले टोकेपछि रेबिज विरूद्धको खोप लगाउनु पर्छ ?

✍ मुसाले टोक्दा रेबिज रोग नलाग्ने भएको हुँदा खोप लगाउनु आवश्यक छैन।

१०) कुकुरले टोकेपछी रेबिज रोग विरूद्धको खोप त लगायो तर कुकुरलाई रेबिज लागेको रहेनछ भने खोपले असर गर्छ कि गर्दैन ?

✍ कुकुरले टोके पछि कुकुरलाई निरीक्षण अवधि (करिब १० दिन) सम्म हेर्दा पनि कुकुरमा कुनै लक्षण देखिएन अथवा रेबिज रोग लागेको रहेनछ तर मानिसले रेबिज विरूद्धको खोप लगाएको छ भने खोपले असर गर्दैन टोकीसकेपछि लगाउने खोप (Post exposure prophylaxis) ले टोक्नु पूर्व लगाइने खोप (Pre exposure regimen) को काम गर्छ।



**मानिसमा ९९% रेबिज संक्रमित कुकुरको टोकाईका कारण हुने गर्दछ ।**

**रेबिजबाट हुने मृत्युको ९५% अफ्रिका र एशियामा हुन्छ ।**

**८०% भन्दा बढी रेबिजका घटनाहरु ग्रामीण क्षेत्रहरुमा देखा पर्छन, जहाँ स्वास्थ्य शिक्षा अभियानहरु र टोकेपछिको उपचारमा पहुँच नभएका सिमित वा अवस्थित समुदाय पर्दछन् ।**

**रेबिजबाट हुने मृत्युमा १० मध्ये ४ जना (४०%) १५ वर्ष मुनिका बच्चाहरु पर्छन ।**

**रेबिज १०० % प्राणघातक रोग हो भने १००% रोकथाम गर्न सकिने रोग पनि हो ।**

थप जानकारीका लागि

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
चरिकोट, दोलखा

Website
http://vetdolakha.gov.np/

सम्पर्क नं.:
०४९–४२१११५
९८५४०४५११४, ९८५४०४५११५

Facebook
Veterinary Hospital Dolakha

✍ डा. ध्रुव डि.सी.

आ.व. २०८०/०८१

# रेबिज रोगबारे सामान्य जानकारी

Rabies



वागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा
(कार्यक्षेत्रः दोलखा र सिन्धुपाल्चोक)

## रेबिज के हो ?

रेबिज तातो रगत भएका स्तनधारी जनावरमा विषाणुबाट लाग्ने प्राणघातक रोग हो। मानिस र जनावरहरूमा यो रोगको लक्षण देखिए पछि मृत्युदर सत प्रतिशत हुन्छ । रेबिज एक विश्वव्यापी खतरा बनेको छ र हरेक वर्ष यो रोग बाट लगभग ५९,००० मानिसहरूको मृत्यु हुने गरेको छ। नेपालमा मुख्य गरी बौलाहा कुकुरले टोकेर मानिस वा अन्य पशुमा रेविज रोग लागेको पाइन्छ। बौलाहा विरालो, स्याल, चमेरोको टोकाईबाट समेत यो रोग लाग्दछ। यो रोग चराचुरूङ्गी, माछा, सरीसृप र उभयचर प्राणीमा भने लाग्दैन ।

## रेबिज कसरी सर्छ ?



संक्रमित प्राणीले टोक्दा वा चिथोर्दा र्‍याल संग सम्पर्क हुन गएमा रेबिज रोग सर्दछ। साथै संक्रमित र्‍याल, आँसु, मस्तिष्क वा स्नायु तन्तुहरू आँखा, नाक वा मुखको म्युकस झिल्ली तथा घाउमा पर्न गएमा समेत यो रोग सर्दछ तर घाउ नभएको सामान्य छालामा र्‍याल पर्दा रेबिज सर्दैन साथै रगत, दिसा तथा पिसाबको सम्पर्कबाट समेत यो रोग सर्दैन।

## कुकुरले टोकेमा के गर्ने ?



- १५ मिनेट सम्म घाउलाई साबुन पानीले राम्ररी धुने। साबुन छैन भने पानीले मात्र भएपनि पखाल्नु पर्दछ ।



- टोक्ने कुकुरलाई अलग राख्ने वा कुकुर कस्तो थियो याद गर्ने।



- जति सकिन्छ चाँडो नजिकैको अस्पतालमा जाने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम खोप लगाउने ।

## टोकेको घाउमा के नगर्ने ?

- घाउमा पट्टि नबाध्ने,
- टोकेको घाउमा बेसार, खुर्सानीको धुलो, जडिबुटीको रस जस्ता पदार्थको प्रयोग नगर्ने ।

## पशुमा रेबिज रोगका लक्षणहरू

पशु प्रजाति अनुसार यो रोगका लक्षणहरू केहि फरक देखिन्छन् । उत्तेजित अवस्था (Furious Form) र लाटो अवस्था (Dumb/Paralytic Form) मध्ये कुनै पशुमा दुवै अवस्था र कुनै पशुमा एक अवस्था मात्र देखिन सक्छ रेबिज रोग लागेको पशुमा मुख्य गरी निम्न लक्षणहरू देखिन्छन्,

- सुरूको अवस्थामा कुकुरले खान मन नगर्ने, बानि व्यहोरा परिबर्तन हुने, आक्रामक हुने, अगाडी जे पायो त्यसैलाई (ढुंगा, हड्डी, काठ, बोरा, आदि) टोक्ने,
- आवाजमा परिवर्तन हुनेः रूद्रघन्टी (Vocal cord) को पक्षघात (Paralysis) हुने हुँदा आवाजमा परिबर्तन आउछ र पछी गएर आवाज समेत निकाल्न सक्दैन।
- जिब्रो बाहिर निकाल्ने र र्‍याल बगाउने ।
- बंगाराको मासुको पक्षघात हुने हुँदा मुख बन्द गर्न सक्दैन ।
- लक्षण देखिएको करिब १० दिन भित्र पशुको मृत्यु हुन्छ।

## मानिसमा रेबिज रोगका लक्षणहरु

- रोगको सुरूको अवस्थामा ज्वरो आउने, टाउको दुख्ने र सामान्य कमजोरी वा असहज महसुस हुने हुन्छ।
- रोग बढ्दै जाँदा आत्तिने, अल्मलिने, आक्रामक हुने, मुर्छा पर्ने, भ्रमित हुने, निन्द्रा नलाग्ने र अन्य असामान्य व्यवहारहरू देखापर्ने हुन्छ।
- हावा तथा पानीदेखि डर लाग्ने, आवाज र चम्किलो बत्ती सहन नसक्ने हुन्छ ।
- निल्न नसक्ने, वाकवाकी तथा बान्ता हुने ।
- पक्षघात हुने, अन्तमा कोमामा जाने र मृत्यु हुने हुन्छ।

## रेबिज सम्बन्धी बारम्बार सोधिने प्रश्नहरु

१) कुकुरलाई पहिलो पटक कति उमेरमा रेबिज विरूद्ध खोप लगाउनु पर्छ र त्यसपछि कहिले लगाउने ?

कुकुरलाई पहिलो पटक ३ महिनाको उमेरमा रेबिज विरूद्धको खोप लगाउनु पर्छ र त्यसपछी प्रत्येक वर्ष लगाउनु पर्दछ।

२) कुकुरले टोकेको कस्तो अवस्थामा खोप लगाउनु पर्छ ?

रेबिज रोग विरूद्धको खोप नलगाएको वा खोप लगाएको जानकारी नभएको कुकुरले टोक्दा रेबिज विरूद्धको खोप लगाउन जरूरी छ तर कुकुरलाई रेबिज विरूद्धको खोप लगाएको प्रमाण भएता पनि स्वास्थ्यकर्मीको सल्लाह बमोजिम उपचार गर्नु पर्दछ।

३) ३ महिना भन्दा कम उमेरको कुकुरले टोकेमा रेबिज विरूद्धको खोप लगाउनु पर्छ ?

३ महिना भन्दा कम उमेरका कुकुरमा समेत रेबिज देखिएको प्रमाण भटिएको हुँदा त्यस्तो अवस्थामा खोप लगाउनु आवश्यक छ ।

४) टोकेको कुकुरलाई १० दिन सम्म निरीक्षण गरेर कुकुर मरेपछि मात्र रेबिज विरूद्धको खोप लगाउँदा हुदैन ?

कुकुरले टोकेमा स्वास्थ्यकर्मीको सल्लाह अनुसार तुरून्तै टोके पछि लगाइने रेबिज विरूद्धको खोप लगाउनु जरूरी छ ।

५) रेबिज संक्रमित पशुको दूधबाट रेबिज सर्छ ?

रेबिज संक्रमण भएको पशुको दूध खाँदा रेबिज सरेको कुनै प्रमाण छैन तर रेबिज लगाएतका संक्रामक रोग लागेका पशुको दूध खानु भने स्वास्थ्यका लागि राम्रो हुदैन ।

६) रेबिज संक्रमित पशुको मासु खाएमा रेबिज सर्छ ?

रेबिज संक्रमण भएको पशुको मासु खानु हुँदैन् । मासु खाँदा रेबिज सरेको प्रमाण नभेटिएता पनि पशु बध गर्दा वा नपकाएको मासु खाँदा भने रोग सर्ने जोखिम हुन्छ।